वर्ष २० | अंक ५० | नेपाल संवत् ११४२ | २०७८ कात्तिक २९ गते सोमबार | 15 Nov. 2021 | पृष्ठ ४ | मूल्य रु. १०




एउटै पढे पुग्छ
समाधान
samadhannews.com
राष्ट्रिय दैनिक




# गण्डकीमा अधिवेशनको जिम्मा श्रेष्ठलाई



**समाधान संवाददाता**
पोखरा, २८ कात्तिक

नेपाली कांग्रेसले प्रदेश महाधिवेशन गराउन केन्द्रीय नेतालाई जिम्मा दिएको छ। गण्डकीको जिम्मेवारी गोपालमान श्रेष्ठले पाएका छन् । कांग्रेसको चौधौं महाधिवेशनको तयारी अन्तिम चरणमा पुगेका बेला केन्द्रीय कार्यसमिति बैठकले आइतबार प्रदेश महाधिवेशनका लागि नेताहरुलाई जिम्मा दिएको हो ।

प्रदेश १ मा कृष्णप्रसाद सिटौला, प्रदेश २ मा रमेश रिजाल, वागमतीमा प्रकाशमान सिंह, गण्डकीमा गोपालमान श्रेष्ठ, लुम्बिनीमा बालकृष्ण खाण, कर्णालीमा जीवनबहादुर शाही र सुदूरपश्चिममा दिलेन्द्रप्रसाद बडुले प्रदेश महाधिवेशन संयोजन गर्ने जिम्मा पाएका छन् । कांग्रेसले ७ प्रदेशमा पहिलोपटक पार्टी अधिवेशन गर्न लागेको हो ।

बैठकले प्रदेश अधिवेशन गर्ने स्थान पनि तय गरेको छ । प्रदेश १ को अधिवेशन विराटनगरमा, २ को जनकपुर र वाग्मतीको हेटौंडामा हुनेछ । त्यसैगरी गण्डकीको अधिवेशन पोखरा, लुम्बिनीको बुटवल, कर्णालीको सुर्खेत र सुदूरपश्चिमको धनगढीमा गर्ने निर्णय गरेको छ ।

प्रदेश अधिवेशन मंसिर १६ र १७ गते तोकिएको छ । अधिवेशनका लागि बनाइएको समितिमा सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्य, सांसद, प्रदेश संसदीय दलका नेता, स्थानीय तहका प्रमुख र उपप्रमुखहरू पदेन सदस्य रहने जनाइएको छ ।

बैठकले पार्टीको केन्द्रीय महाधिवेशनका लागि केन्द्रीय सदस्य सुरेन्द्र पाण्डेको



संयोजकत्वमा आवास तथा भोजन समिति गठन गरेको छ । कांग्रेस महाधिवेशन भने मंसिर २४ देखि २६ गतेसम्म हुँदै छ ।

कांग्रेसले अबदेखि नीति र नेतृत्व महाधिवेशन फरक फरक गर्ने तयारी गरेको छ । प्रवक्ता विश्वप्रकाश शर्माका अनुसार अहिले नेतृत्व महाधिवेशन गर्ने र अब आउने नेतृत्वले उचित समयमा नीति महाधिवेशन गर्नेबारे छलफल भएको छ ।

# मुस्ताङमा भीषण हिमपहिरो

**सुन्दरकुमार थकाली**
जोमसोम, २८ कात्तिक

बेमौसममा हिमपहिरो गएपछि मुस्ताङको थासाङका स्थानीय त्रसित छन् । आइतबार थासाङ गाउँपालिका २ का कोवाङ, लार्जुङ, बोक्सीखोला र नाउरीकोट माथिको लेकबाट भीषण हिम पहिरो आएपछि भागदौड मच्चियो ।

यसरी भागदौड मच्चिँदा ११ जना घाइते भएका छन् । थासाङको पश्चिममा पर्ने धौलागिरी क्षेत्रको पानापाथी हिमालबाट आइतबार बिहान अकस्मात ठूलो आवाजसहित हिमपहिरो खसेको जिल्ला प्रशासन कार्यालय मुस्ताङले जनाएको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक आशीष अधिकारीले ३० मिनेटसम्म हिमपहिरो खसेको जानकारी दिए ।

हिमपहिरोका कारण भएको भागदौडमा जनआदर्श अमरसिंह माध्यमिक विद्यालयका ३ शिक्षक र ८ विद्यार्थी घाइते भएका छन् । घाइतेको जोमसोम अस्पतालमा उपचार भइरहेको छ । हिमपहिरो आएपछि थासाङ २ का कोवाङ, लार्जुङ, नाउरिकोट, बोक्सी खोला लगायतमा क्षेत्रका स्थानीयको भागदौड चलेको थियो । बेनी जोमसोम सडकमा समेत आधा घन्टा सवारी आवागमन रोकिएको थियो । हिम पहिरोका कारण बोक्सी खोलामा पानीको बहाव निकै बढेको थियो ।

धौलागिरी क्षेत्रको मानापाथी हिमालबाट खसेको हिमपहिरोका कारण कोवाङको जनआदर्श अमरसिंह माध्यमिक विद्यालयका शिक्षक तथा विद्यार्थीको भागदौड भएको निमित्त प्रधानाध्यापक खेम गुरुङले बताए । भागदौडमा २ शिक्षक र १ विद्यार्थीको खुट्टा भाच्चिएको छ । 'धौलागिरी आधार शिविरबाट ठूलो हिमपहिरो आयो । विद्यालयमा पठनपाठन चलिरहेको थियो, 'उनले भने, 'हिमपहिरो खसेको पत्तो पाएपछि भागदौड सुरु भयो ।'

उनले विद्यार्थी र शिक्षकलाई सुरक्षित स्थानमा लगिएको जानकारी दिए । उनले अझै हिमपहिरो जान सक्ने भएकाले विद्यालयका सबैलाई सुरक्षित स्थानमा सारिएको बताए ।

जिल्ला प्रहरी कार्यालय मुस्ताङले हिमपहिरो रोकिएको र कोवाङ प्रहरी चौकीका इन्चार्ज नेत्र जिटीसहितको प्रहरी टोली घटनास्थलको अवलोकन गर्न गएको प्रहरी निरीक्षक अधिकारीले जनाए । 'हिमपहिरोको अवस्था बुझ्न र क्षति यकीन गर्न हामीले प्रहरी टोली खटाएका छौं,' अधिकारीले भने,



**एक्कासि हिमपहिरो आएपछि भएको भागदौडमा ११ घाइते छन् भने फेरि पहिरो खस्ने स्थानीयमा त्रास छ**

'अहिलेसम्म भौतिक तथा मानवीय क्षतिको जानकारी आएको छैन ।' उनले थासाङ २ को जोखिम क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने तयारी भइरहेको उल्लेख गरे ।

भागदौडमा शिक्षक र विद्यार्थीका खुट्टा, हातमा चोटपटक लागेको जोमसोम अस्पतालका सूचना अधिकारी एकराज बस्नेतले बताए । हिमपहिरोबाट कोवाङ, नाउरिकोट, लार्जुङ र बोक्सी खोला क्षेत्रका बासिन्दा त्रसित भएका छन् ।

मुस्ताङका प्रमुख जिल्ला अधिकारी नेत्र शर्माले पानापाथी हिमालबाट बिहान करिब साढे ११ बजेतिर हिमपहिरो जानकारी दिए । हिमपहिरोमा मानापाथी हिमालको तल्लो भागका २ चौरी गोठ पुरिएको आशंका गरिएको छ ।

'हामी सो क्षेत्रको अवलोकनमा पुग्यौं, चोरी गोठ भएको स्थानमा पुग्न सम्भव छैन,' प्रजिअ शर्माले भने, 'बाइनाकुलरबाट हेर्दा १०/१२ वटामात्र याकचौरी देखियो । बाँकी पुरिएको पनि हुन सक्छ ।'

सो क्षेत्रको खर्कमै गोठ स्थान्तरण गरिएको स्थानीय सचेन्द्र गौचनका ६५ वटा, सुशीला गौचनका ४० वटा र भीम गौचनका ६५ गरी कम्तीमा १ सय ७० याकचौरी हिमपहिरोले पुरिएको हुन सक्ने कोवाङ प्रहरी चौकी इन्चार्ज नेत्र जिटीले अनुमान गरे । उनले याक चौरीको अवस्थाबारे विस्तृत विवरण आइपुग्न केही दिन लाग्ने जनाए ।

हिमपहिरोको धक्का नाउरिकोट गाउँ, बोक्सी खोला नजिक बेनी जोमसोम राजमार्ग र जनआदर्श माध्यमिक विद्यालयमा समेत महसुस भएको अस्पतालमा भर्ना भएका शिक्षक वीरेन्द्र लामिछाने बताए । 'दोस्रो पिरियड पढाइ चल्दै गर्दा अकस्मात ठूलो आवाज आयो, मैले सोचें हावाको आवाज होला,' उनले भने, 'बाहिर निस्किँदा त हिमपहिरो खसेको प्रत्यक्ष देखियो । त्यसपछि विद्यार्थी र शिक्षकमा रुवाबासी र भागदौड चल्यो ।'

जिटीले भागदौडमा शिक्षक र विद्यार्थी गरी ११ जना घाइते भएको बताए । घरबाहिर सुकाइएका उवा र फापरसमेत हिमपहिरोले क्षति गरेको छ । सो क्षेत्रमा फेरि हिम पहिरो खस्न सक्ने सम्भावना भएकाले स्थानीयलाई उच्च सर्तकता अपनाउन प्रशासनले आग्रह गरेको छ ।

हिम पहिरो गएको क्षेत्रमा आइतबार नै मुस्ताङका संघीय सांसद प्रेमप्रसाद तुलाचन, प्रमुख जिल्ला अधिकारी नेत्र शर्मासहित सुरक्षाकर्मी पुगेका थिए । बेमौसममा आएको हिमपहिरोले जनजीवन त्रसित बनाएको सांसद तुलाचनले बताउँछन् । जलवायु परिवर्तनको प्रत्यक्ष असर मुस्ताङमा देखिन थालेको उनले दाबी गरे ।

केही वर्षअघि सो क्षेत्रमा हिमपहिरो खस्दा थासाङ २ मा भौतिक तथा मानवीय क्षति भएको थियो । खर्कका याकचौरीसमेत मारिएका थिए । पछिल्लो समय जलवायु परिवर्तनका कारण प्राकृतिक विपद् बढ्न थालेको सारोकारवाला बनाउँछन् ।

# साहित्यकार विजय बजिमय रहेनन्



**समाधान संवाददाता**
पोखरा, २८ कात्तिक

साहित्यकार विजय बजिमयको आइतबार काठमाडौंमा निधन भएको छ । उनी विसं २०१४ चैत २३ मा पोखराको मोहरिया टोलमा जन्मिएका थिए । शारीरिकरूपमा जन्मजात अपांग भए पनि बजिमयले कविता, कथा, गीत, गजल तथा मुक्तकका माध्यमबाट नेपाली साहित्यलाई विशिष्ट योगदान दिएका छन् ।

सोमबार बिहान ८ बजे उनकै निवास महोरियाटोलबाट शवयात्रासहित अन्त्येष्टि गरिने पारिवारिक स्रोतले जनाएको छ । मोहोरिया टोलबाट नालामुख, तेर्सापट्टी, गिरिजाचोक, धर्मशीला वुद्धबिहार, नदीपुरचोक, कन्या क्याम्पस, बाल मन्दिर हुँदै तुलसीघाटसम्म शवयात्रा गरी अन्त्येष्टि गरिने भएको छ ।

यसैबीच, पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष मोती भुजेलले शोक विज्ञप्ति निकालेर बजिमयको निधनमा दुःख व्यक्त गरेका छन् । बजिमय परिवारका पूर्वअध्यक्ष हुन् ।

बजिमयका अन्ततोगत्वा (कथासंग्रह) र समय भनेको समय हो (कवितासंग्रह) प्रकाशित छन् । समीक्षा साप्ताहिकमा संवाददाता बनेका वजिमयले फेवाताल (सामयिक संकलन), नौलो डाँको (साप्ताहिक), आँखीझ्याल (गोजिका) र पलाँस( गोजिका)सम्पादन तथा प्रकाशन गरेका थिए ।

बजिमय सांस्कृतिक संस्थानका अध्यक्ष, नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञसभा सदस्य, वसुन्धरा मान प्रज्ञा प्रतिष्ठानका सदस्य, पोखरेली सांस्कृतिक परिवारका अध्यक्ष, नेपाली लेखक संघको केन्द्रीय नेतृत्वमा रहिसकेका छन् ।

नेत्र स्मृति पुरस्कार, मोती पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार लगायतका पुरस्कार उनले पाएका थिए । बजिमय पोखरा लायन्स क्लब र वागिना परिवारसँग पनि सम्बद्ध थिए । अविवाहित बजिमयको पार्थिव शरीरलाई दाहसंस्कारका लागि जन्मस्थल पोखरा ल्याइएको परिवार स्रोतले जनाएको छ ।

# 'कमिसनको चक्करले सिटी स्क्यान सेवामा ढिलाइ'



उपकुलपति डा. क्षेत्रीलाई ज्ञापनपत्र बुझाउँदै अनेरास्ववियु टोली ।

**सञ्जय रानाभाट**
पोखरा, २८ कात्तिक

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (अनेरास्ववियू)ले पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा सिटी स्क्यान सेवा सञ्चालनमा माग गरेको छ। अनेरास्ववियू गण्डकी प्रदेशका संयोजक प्रकाश पौडेलको संयोजकत्वमा विद्यार्थीहरुले अस्पतालको तालुक निकाय पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. डुकबहादुर क्षेत्रीसँग आइतबार उक्त माग गरेका हुन् ।

क्षेत्रीय अस्पतालमा ७ वर्षदेखि सिटी स्क्यान सेवाबाट छैन । 'यस्तो अवस्थामा अनेरास्ववियु टुलुटुल हेरेर बस्न सक्दैन । स्वास्थ्य उपकरणहरुलाई तत्कालै सुधार गरेर यथाशीघ्र सञ्चाल गर्नुपर्छ,' पौडेलले भने । गरिब निमुखा र सर्वहाराको पहुँचमा रहेको सेवा सिटी स्क्यान छिट्टो सञ्चालनमा ल्याउन विद्यार्थीहरुले माग गरे । स्वास्थ्यमाथि तस्करहरुको जालो फैलिँदो क्रम बढ्दै गएको भन्दै अनेरास्ववियूले त्यही जालोमा क्षेत्रीय अस्पताल परेको आशंका गरेको छ । प्रदेश संयोजक पौडेल, सचिव आरके पोखरेल, विद्यार्थी नेता अर्जुन अधिकारी, प्रतीक्षा पौडेल, अञ्जली लम्साल लगायतको टोली प्रतिष्ठान पुगेर उपकुलपतिलाई ज्ञापनपत्र दिएको थियो ।

सचिव पोखरेलले नयाँ खरिद गर्न लागेको मेसिन समयमै नआउँदा आर्थिक चलखेलको आशंका उत्पन्न भएको बताए । उपकुलपति क्षेत्रीलाई उनीहरुले छिटो सिटी स्क्यान सेवा सुरु नगरे थप संघर्षका कार्यक्रमहरु गर्ने बताए । प्रतिष्ठानका उपकुलपति क्षेत्रीले खरिद कम्पनीले बढी कमिसन आउने चक्करमा मेसिन आउन ढिला भएको सुनाए । उनले अस्पतालमा सिटी स्क्यान मेसिन ल्याउन ढिला हुनुमा अस्पतालभित्रका डाक्टरहरु सहभागी भएको पनि बताए ।

'नेपाल सरकारले एक चिकित्सक एक स्वास्थ संस्थामा काम गर्नुपर्ने भएपनि यस्तो हुन सकेको छैन । बाहिरबाहिर गएर काम भइरहेकाले यस्तो अवस्था आएको हो,' उनले भने, 'अफिस समयमा बाहिर गएर काम गर्ने समस्याले यो अवस्था आएको हो ।' अस्पतालमा भएको पुरानो सिटी स्क्यान काम नलाग्ने भएपछि नयाँ खरिद गर्न प्रक्रियामा रहेको उनले बताए ।

नयाँ खरिद गर्दा ऐन प्रक्रिया जटिल भएको डा क्षेत्रीले बताए । सम्झैता भएको ९० दिनभित्र सिटी स्क्यान आउनुपर्नेमा ढिला भएको उनले स्वीकाररे । 'सप्लायर्सले आलटाल गरिरहेकाले ढिला भएको हो,' उनले भने, 'ताकेता गरेका छौं । सकेसम्म छिट्टो हुन्छ । सप्लायर्स र कम्पनीको आलटालका कारण ढिला भयो ।'

समयमा पूरा गर्न नसक्दा टेन्डर आह्वान भएको सेकेन्ड म्यानलाई दिनुपर्नेमा यस्तो गर्न नसकेको उनले बताए । '४ वटाले टेन्डर प्रक्रिया पूरा गरेका थिए । सबै भन्दा कम जस्ले हाल्यो यसैलाइ दिएका हौं,' उनले भने । अर्कोलाई दिँदा ३/४ महिना ढिला हुँदोरैछ उनले बताए । छिट्टै सिटी स्क्यान आउने ढुक्क हुन अनुरोध गरे । अरु सेवाहरु चलिरहेको छ । अस्पतालले कोभिडसँग सम्बन्धित मेसिनरी समानहरु खरिद प्रक्रियामा रहेको बताए । अस्पतालको सिटी स्क्यान कोठामा अहिले ठूलो भोटे ताल्चा लागेको छ । अस्पतालमा दैनिक ओपिडी र इमर्जेन्सीमा गरी ५ सयसम्म बिरामी आउने प्रशासन बताउँछ ।


सटी स्क्यान मेसिन किन्न गत असारमै बोलपत्र आह्वान भएको थियो । ६ वर्षअघि श्रीकृष्ण श्रेष्ठ मेडिकल सुपरिटेन्डेन्ट हुँदा अस्पतालमा रहेको सिटी स्क्यान बिग्रिएको थियो । श्रेष्ठकै अवधिमा ७० लाख खर्चेर बनाएपछि १ वर्षपछि फेरि मेसिन बिग्रिएदेखि सञ्चालनमा आएको छैन । खत्रीपछि डा. अर्जुन आचार्य निर्देशक हुँदासमेत सिटी स्क्यान सञ्चालनमा आएन ।

# फुस्रेमा डुबेर भारतीय विद्यार्थीको मृत्यु

**समाधान संवाददाता**
पोखरा, २८ कात्तिक

पोखरा १७ पावरहाउस नजिकै फुस्रे खोलामा आइतबार पौडी खेल्दा डुबेका १ जनाको मृत्यु भएको छ । भारत घर भएका २२ वर्षीय विश्वास पुनी पौडी खेल्ने क्रममा बेपत्ता भएका थिए ।

कास्की प्रहरीले उनलाई १० मिटरबाट उद्धार गरेर उपचारका लागि गण्डकी मेडिकल कलेजमा पुर्याएको थियो । उनको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । पुनी गण्डकी मेडिकल कलेजमा एमबिबिएस प्रथम वर्षमा अध्यानरत थिए। । घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।



# सम्पादकीय

## सिटी स्क्यान मेसिन झट्टै ल्याऊ

प्रदेशकै सबैभन्दा ठूलो अस्पताल हो पश्चिमाञ्चल क्षेत्रीय अस्पताल । बिरामीको अत्यधिक चाप हुनुका कारण मात्रै होइन, सेवा सुविधाले पनि ठूलै मान्नुपर्छ यो अस्पताललाई । सरकारी स्वामित्वमध्येको यो ठूलो अस्पतालमा सेवा सुविधा गर्न्दै गयो भने हेर्दै गयो भनेचाहिँ कसरी ठूलो मान्ने हो भन्ने स्थिति पनि छ । नाममात्रैको ठूलो अस्पतालमा सीमित छ यो । न विशेषज्ञ सेवाहरु छन् न भरपर्दा उपकरण । जस्तो सिटी स्क्यान जस्तो आधुनिक चिकित्सा प्रणालीमा अत्यावश्यक उपकरण पनि यो अस्पतालमा छैन । नभएको पनि होइन, तर चल्दैन । किन्नासाथ बिग्रियो । अथवा बिगारिएको हो कि भन्ने आशंका पनि छ । किन कि बिग्रेपछि बनाउन पाइने, नबने पनि निजी क्षेत्रले खोलेकोमा सिफारिस गर्न पाइने लोभलालच यहाँका चिकित्साकर्मीलाई छ भनेर सर्वसाधारणले आशंकाको औंला ठड्याउँदै आएका छन् । त्यो आशंकालाई मलजल गर्ने काम भने त्यहाँको व्यवस्थापनले गरेकै किन छ भने ७ वर्ष भइसक्यो सिटीस्क्यान मेसिन नभएको छ । यतिका समयसम्म एउटा मेसिन किन्ने ल्याकत नराख्नुको कारण के होला ? सर्वसाधारणको आशंका जायज देखिन्छ ।

सरकारी अस्पताल हुनुको नाताले एउटा सिटीस्क्यान मेसिन खरिद गर्न नसक्ने अवस्था हुँदै होइन । किन्ने भनेर प्रक्रिया अघि पनि बढ्छ र बिचमा रोकिन्छ । भन्नेहरु त यतिसम्म पनि भन्छन् कि त्यो प्रक्रिया रोकिनुको कारणमा पनि दालमे कुछ काला हे भनेर भन्न सकिन्छ । होइन भने यतिका आशंका र प्रश्नहरु उठ्दा किन लाचारी छ अस्पताल नेतृत्व ? यति सामान्य काम पनि गर्ने क्षमता नपुग्नु नपर्ने हो । बिरामीप्रति कुनै उत्तरदायी हुनै नपर्ने हो भने नेतृत्वमा रहने पनि किन ?

सरकारी अस्पतालमा सिटी स्क्यान मेसिन नहुँदा बिरामीले महँगो शुल्क तिरेर निजीमा सेवा लिनुपरेको छ । त्यस्तो मेसिन नभएकैले थुप्रै बिरामी सिधै निजी अस्पताल जानुपर्ने बाध्यता सिर्जना भइरहेको छ । के यो सरकारी स्वास्थ्य सेवा कमजोर बनाउने हर्कत होइन ? यसको जवाफदेहिता अस्पतालको नेतृत्व र तिनलाई नियुक्त गर्ने सरकारले लिनुपर्छ । त्यसो त जवाफदेहिता र नैतिकताको खडेरीकै कारण पनि यो अवस्था सिर्जना भएको हो । अब नागरिक समाज, सचेत समूहहरुले अस्पताललाई राजनीतिक नेतृत्वलाई चर्को दबाब सिर्जना गर्नुपर्ने भएको छ र भन्नुपर्ने भएको छ, सरकारी अस्पतालमा सिटी स्क्यान मेसिन झट्टै ल्याऊ, गरिब जनताको उपचार सजिलो बनाऊ । नागरिक समाज चुप भइदिनाले पनि जवाफदेही नेतृत्वले कानमा तेल हालेर बस्न पाएको छ । त्यसरी बस्ने छुट दिनु हुँदैन, हुनु हुँदैन ।

## कृषकलाई घाँसको बिउ

वालिङ, २८ कात्तिक (समाधान)- वालिङ नगरपालिकाका कृषकलाई घाँसको बिउ वितरण गरिएको छ । नगरपालिका भित्रका १४ वटै वडाका अगुवा तथा व्यवसयिक कृषकलाई जै घाँसको बिउ वितरण गरिएको हो ।

वालिङ नगरपालिका र युएनडिपी नेपालको साझेदारी तथा दियालो संस्थाको व्यवस्थापनमा वालिङमा सञ्चालन भइरहेको 'कोभिड १९ उद्धार र सामाजिक आर्थिक प्रतिकार्य पहल परियोजना' अन्तर्गत घाँसको बिउ वितरण गरिएको हो ।

नगरका १ सय ४८ किसानलाई घाँसको बिउ बितरण गरिएको दियालो संस्थाका अध्यक्ष कविता तिवारी गैह्रेले जानकारी दिइन् । परियोजना अन्तर्गत कृषक तथा उद्यमीलाई उद्यमशीलतातर्फ आकर्षित गर्न बिभिन्न सहयोग गरिँदै आएको अध्यक्ष गैह्रेले बताइन् । उनले भनिन्, 'परियोजनाको मुख्य कार्य नै उत्पादन र उत्पादकत्व वृद्धि हो ।'

वालिङ नगरपालिका परिसरमा स्थापना गरिएको उद्यमशीलता, व्यवसाय प्रवर्द्धन तथा नवप्रवर्तन केन्द्र इबिकले कृषक तथा उद्यमीसँग सहजीकरणसमेत गर्दै आएको छ ।

## भगवती स्कुललाई सहयोग



पोखरा, २८ कात्तिक (समाधान)- पोखरा २२ पुम्दीभुम्दी, कालाबाङ घरेडी स्थित भगवती आधारभूत विद्यालयलाई लेकसाइडका १ युवाले जन्मदिनको अवसरमा साउन्ड सिस्टम सहयोग गरेका छन् ।

कालाबाङ घरेडी जन्म भई हाल बैदाम बस्ने चन्द्रकाजी गुरुङका छोरा बुद्धले शुक्रबार २५ औं वर्ष प्रवेश गरेको अवसरमा विद्यालयलाई साउन्ड सिस्टम सेट हस्तान्तरण गरेका हुन् । उनले विद्यालयको लाइब्रेरीको आवश्यकता देखी १ थान बुककेस पनि प्रदान गर्ने घोषणा गरेका छन् । उनी नेपलिज युथ फोरम (एनवाईएफ) लेकसाइडका संस्थापक अध्यक्षसमेत हुन् ।

सोही कार्यक्रममा युथ फोरमका सचिव आदित्य देवकोटा, कोषाध्यक्ष स्वेता रानाभाट तथा सदस्यले जन्मदिनमा उनलाई प्रदान गर्ने उपहारको रकमले विद्यालयलाई विभिन्न शैक्षिक तथा खेलकुद सामग्री प्रदान गरेका थिए ।

सो अवसरमा विद्यालयका प्रधानाध्याक डिलकुमारी गुरुङ, विद्यालय व्यवस्थापन समिति अध्यक्ष प्रकाशचन्द्र गुरुङ, निवर्तमान अध्यक्ष यामबहादुर गुरुङ, अभिभावक संघका पूर्व अध्यक्ष खेमराज बराल लगायतले बोलेका थिए ।


## आवश्यकता

यस भैरव बचत तथा ऋण सहकारी संस्था लि.को लागि निम्न कर्मचारीहरुको आवश्यता परेको हुँदा इच्छुक व्यक्तिहरुले आफ्नो बायोडाटासहित मिति २०७८/०८/०३ गते भित्र निवेदन पेश गर्नुहुन हार्दिक अनुरोध गर्दछौं ।

| क्र.सं. | पद | संख्या | योग्यता / अनुभव |
|---|---|---|---|
| १ | **व्यवस्थापक** | १ जना | - स्नातक तह उत्तीर्ण (वाणिज्य शास्त्रमा)<br>- २ वर्ष वित्तीय क्षेत्रमा काम गरेको<br>- Finacct Software जानेको । |

सम्पर्क:
**भैरव बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-४, महेन्द्रपुल, विशालबजार, फोन नं.: ०६१-५३५५९१


## जिल्ला समन्वय समितिको कार्यालय

कास्की

### ट्याब्लेट खरिद सम्बन्धी सिलवन्दी प्रस्ताव आव्हानको सूचना

सूचना नं. DDCK/G/SQ ०१/०७८/७९
(दोश्रो पटक प्रकाशित मिति: २०७८/०७/२९)

यस कार्यालयका लागि देहाय बमोजिमको ट्याब्लेट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १ (क)(३) तथा ऐ. नियमावली, २०६४ को नियम ८४ बमोजिम सिलबन्दी विधिबाट ट्याब्लेट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार देहाय बमोजिमको ट्याब्लेट बिक्री गर्न चाहने उत्पादक तथा आधिकारीक/अधिकृत विक्रेताले आ-आफ्नो उत्पादकको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर मूल्य र सुबिधा (ग्यारेण्टी/ वारेण्टी) सहितको विवरण तथा फर्म दर्ता, भ्याट दर्ता र आ.व २०७७/७८ को आयकर चुक्ताको प्रमाणित प्रतिलिपिहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा निवेदन दर्ता गर्नु हुन सम्बन्धित उत्पादक वा आधिकारीक अधिकृत बिक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| नाम | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| Tablets | ROM: Internal 32 GB, MicroSDXC expandable upto 512 GB<br>RAM: 3GB/4GB<br>CPU:Octa-core(4*2.0 GHz Kryo 260 Gold & 4*1.8 GHz Kryo 260 Silver<br>GPS:A-GPS, GLONASS, BDS, GALILEO | Twenty One (21) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । |

*जिल्ला समन्वय समितिको कार्यालय, कास्की*


## कर्मचारी आवश्यकता

पोखरा-१४, वि.पि. मार्ग (खसीबजार एरिया) स्थित एक प्रतिष्ठित सहकारी संस्था लि.का लागि निम्न बमोजिम पदमा कर्मचारीहरुको आवश्यकता भएको हुँदा सक्षम, दक्ष र अनुभवीहरुले आफ्नो योग्यताको प्रमाणपत्र, बायोडाटा र पि.पि. साइजको फोटोसहित ७ दिन भित्र आवेदन दिनुहोला ।

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | व्यवस्थापक | १ | स्नात्तक वा सो सरह |
| २ | क्यासियर | १ | +२ वा सो सरह |
| ३ | बजार प्रतिनिधि | ४ | SLC पास |

१. Finacct software मा ज्ञान भएको र अनुभवीलाई विशेष प्राथमिकता ।
२. तलब तथा अन्य सुविधा: संस्थाको नियमानुसार ।
३. दुई पाङ्ग्रे सवारी साधन र लाइसेन्स भएकोलाई ग्राहयता ।
४. प्रारम्भिक छनौटमा परेकालाई मात्र अन्तरवार्तामा बोलाइने छ ।

**दरखास्त दिने अन्तिम मिति:** २०७८ मंसिर ६ गतेसम्म

**कदम बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-१४, विपि मार्ग, फोन नं.: ०६१-५९०२५६, ९८५६०३०८५४, ९८०६७२१५११
Email: kadamsaving115@gmail.com


## “फेवा सिल्टेसनको सेवा; स्वच्छ हराबरा र फराकिलो फेवा“

## फेवा सिल्टेसन प्रा.लि.

पोखरा २३, कास्की, फोन नं.: ९८५६०८७०४९, ९८५६०४९५१८

### साईट अफिस भवन निर्माण कार्यका लागि सिलबन्दी बोलपत्र आह्वानको सूचना

*प्रकाशित मिति : २०७८/७/२८ गते*

यस प्रा.लि. को साईट अफिस भवन निर्माण कार्यका लागि सिलबन्दी बोलपत्रद्वारा गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट ईजाजत (मान्यता) प्राप्त निर्माण व्यवसायीबाट निम्न शर्तहरुका अधिनमा रही रितपूर्वक सिलबन्दी बोलपत्र आव्हान गरिएको व्यहोरा इच्छुक सम्बन्धित सबैलाई यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

१. बोलपत्र फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन भित्र चालु आर्थिक वर्षका लागि नवीकरण भएका ईजजाजतपत्र आयकर दर्ता र मु. अ. कर दर्ता र गत आ. ब. को कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदनसाथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरि) तिरी इच्छुक बोलपत्रदाताले यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।
२. खरिद भएका बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजेभित्र सिलबन्दी लाहाछाप गरि खाममा विवरण प्रष्ट खुलाई यस प्रालिको कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोहि दिनको २:०० बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
३. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा लगतै कार्यालय खुलेको दिन सोही समय अनुसार हुनेछ ।
४. म्याद नाघी आएका, रित नपुगेका र शर्त राखिएका बोलपत्र उपर कुनै कारबाही हुने छैन ।
५. बोलपत्रदाताबाट बोलपत्रमा उल्लेखित मुल्य अभिबृद्धि कर बाहेकको रकम उल्लेख गर्नुपर्नेछ । सो दररेट अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।
६. यस कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिकरुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरिक्षत हुनेछ ।
७. बोलपत्र स्वीकृत भएपछि कबुल ठेक्का अंकको २५% ले हुन आउने रकम बराबरको नगद जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा १ वर्ष म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाउँमा जारी गरिएको कार्य जमानतपत्र (परफरमेन्स बन्ड) सम्झौता अघि पेश गर्नुपर्नेछ ।
८. बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।
९. यस सुचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।
१०. बोलपत्र सम्बन्धी कुनै विवाद आएमा प्रचलित कानुन बमोजिम आपसी सहमतिमा समाधान गरिनेछ ।
११. सिलबन्दी बोलपत्रमा कामको विवरण निम्नानुसारको हुनेछ ।

| सि. नं. | बोलपत्र दरभाउपत्र नं. | कामको विवरण | सिलबन्दी बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | FS-SQ-001-078/079 | साईट अफिस भवन निर्माण कार्य | ३००० | |

*प्रमुख कार्यकारी अधिकृत*


## कर्मचारी आवश्यकता

यस **श्री नवसाथी बचत तथा ऋण सहकारी संस्था लि.**को लागि तपशीलमा उल्लेख भए बमोजिमका योग्यता भएका कर्मचारीहरु आवश्यकता परेको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट हस्तलिखित निवेदन, बायोडाटा, चारित्रिक प्रमाणपत्रको छाँयाकपी, पासपोर्ट साईजको फोटोसहित मिति २०७८/०८/०८ गते भित्र निम्न उल्लेखित ठेगानामा दरखास्तको लागि आब्हान गरिन्छ ।

**तपशील**

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | **कर्जा सहायक** | १ | - १०+२ वा सो सरह (अनुभवीलाई विशेष ग्राहयता दिइने)<br>- बैंक तथा सहकारी संस्थामा (वित्तीय अनुभव भएको ।<br>- सवारी चालक अनुमतिपत्र भएको ।<br>- कम्प्यूटर सम्बन्धि राम्रो अनुभव भएको |
| २ | **बजार प्रतिनिधि** | केही | - SLC वा सो सरह उत्तीर्ण (अनुभवी लाई विशेष प्राथमिकता)<br>- कम्प्यूटर सम्बन्धी ज्ञान ।<br>- सवारी चालक अनुमतिपत्र भएको । |

*सेवा सुविधा तथा पारिश्रमिक संस्थाको कर्मचारी प्रशासन नियमावली अनुसार हुनेछ ।*

सम्पर्क:
**नव साथी बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-८, न्युरोड, गुरुकुल मार्ग, फोन नं.: ०६१-५७२२९८
Email: navasathi.saving@gmail.com


## भोलिको पञ्चाङ्ग

श्रीसूर्य दक्षिणायनं, शरदृतुः राक्षस नाम संवत्सर, श्रीशाके १९४३, सम्वत २०७८ साल कार्तिक ३० गते भौमबार नेपाल सम्बत ११४२ कछलाथ्व, सन् २०२१ नोभेम्बर १६ तारिक शुक्लपक्ष द्वादशी तिथि विहान ९ वजेर २० मिनेटसम्म, रेवती नक्षत्र राती १० वजेसम्म, सिद्धियोग, बालवकरण, आनन्दादियोग शुभ, सूर्य तुला राशिमा, चन्द्रमा राती १० वजेसम्म मीन उप्रान्त मेष राशीमा ।

## राशिफल



**वेदनिधि तिमिल्सिना**
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

- **मेष** ■ धोका हुने, फजुल खर्च वृद्धिले आर्थिक संकट पर्नेछ ।
- **वृष** ■ व्यापारबाट आम्दानी बढ्नेछ, सहयोग मिल्नेछ ।
- **मिथुन** ■ रोकिएका काम बन्ने,सामाजिक काममा अभिरुची ।
- **कर्कट** ■ बाह्य अलमल बढि,चिन्ताले नछोइन,यात्रा हुनसक्छ ।
- **सिंह** ■ अनावस्यक विषय बस्तुलाई लिएर तनाव बढ्नेछ ।
- **कन्या** ■ जीवन साथिको सहयोगमा महत्वपूर्ण काम बन्ने ।
- **तुला** ■ अरुको भर धेरै नपर्नु,दिन सामान्य अनुकुल ।
- **वृश्चिक** ■ विचारमा विचलन,निर्णय क्षमता घट्नेछ ।
- **धनु** ■ दुविधा बढ्ने,पारिवारिक समस्याले छोड्ने छैन ।
- **मकर** ■ जीवन साथीको सहयोगमा काम गर्दा बढि उपलब्धि ।
- **कुम्भ** ■ मान्यजनको सहयोग लिएर काम गर्दा उचित फल ।
- **मीन** ■ लगनशिल भई समयमा गरेका काम सफल हुनेछन् ।

## पोखरा महानगरपालिका वडा नं २९ सार्वजानिक सूचना

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं २९ स्थायी ठेगाना भएकी डिलमाया वि.क.ले सोही वडाको कि न ८७९० को ०-५-१-१ क्षेत्रफलमा निर्माण गर्न लागेको पूर्व तर्फको ८७९१, पश्चिम ८७०० र दक्षिण तर्फको ३८०० का सधियार फेला नपरेकाले सूचना प्रकाशन भएको मितिले सात दिन भित्रमा सप्रमाण सहित लिखित निबेदन दिनु हुन सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।


## वर्गीकृत विज्ञापन डिस्प्ले

### तु-आवश्यकता
पोखराको चिप्लेढुंगा अवस्थित एक प्रतिष्ठित रेष्टुरेन्टलाई
Fast Food Cook-1 (25000+)
किचन हेल्पर- २ (12,500+)
Cleaner-1 (10,000+)
Only Cafe & Restaurant
9856065140, 9856034368

### तु आवश्यकता
अलराउण्डर कुक -१ जना
तलब : १५००० देखि २३,०००
खाने, बस्ने सुविधा
सम्पर्क
9816147064

### मोबाइल पसल बिक्रीमा
पोखरा-१२, सितलादेवी स्थित चालु अवस्थामा रहेको मोबाइल पसल विशेष कारणबस तु-बिक्रीमा छ ।
सम्पर्क:
९८४६२-८४०४६

### किराना पसल बिक्रीमा
पोखराको अतिव्यस्त ठाउँमा रहेको किराना पसल विशेष कारणवश तु बिक्रीमा।
सम्पर्क :
९८५७६४१४५७
९८६६४४८७१५

### तु-आवश्यकता
कुक-१ जना
कुक हेल्पर- २ जना
वेटर- ३ जना
खान, बस्न सुविधा
तलब: आपसी समझदारीमा
सम्पर्क :
9846281565
9816183802

### आवश्यकता
प्रतिष्ठित रेष्टुरेन्टको लागि कर्मचारी आवश्यकता ।
हेड कुक- १ जना
अल राउण्डर कुक- १ जना
वेटर: महिला - १ जना, पुरुष १ जना
ठेगाना:
तालचोक-२७
फोन नं.: 9846658606, 9815178383

### सेप्टी टंकी सफाई गर्नुपरेमा
सम्पर्क
9802815296
9802815293

### WANTED
House Keeping-3
Front Office- 2
Waiter-3
Dish washer-2
Cook (Specialist in Nepali Thai)-2
Cook Helper-2
Contact :
Hotel Raniban Arcade
061-467300 | 467301
9856023054, 9806713593

### प्लम्बर चाहिएमा
नेपाल सरकारबाट मान्यता प्राप्त प्लम्बिङ सम्बन्धी सम्पूर्ण कार्य तथा मर्मत गर्नुपरेमा ।
सम्पर्क :
9869232280
9803191995

### आवश्यकता
कुक- १ जना
कुक हेल्पर- १ जना (अनुभवी)
खान, बस्न सुविधा
स्थान: अम्मर सिंहचोक
सम्पर्क: ९८१५१९८००० ९८४६५८८२०३

### फ्ल्याट भाडामा चाहियो
अमरसिंहचोक, बुद्धचोक, रानीपौवा, हस्पिटल चोकमा रहेको राम्रो सुविधायुक्त घर चाहियो।
सम्पर्क:
98291-11661

### आवश्यकता
एक प्रतिष्ठित क्याफेको लागि
कुक- १ जना
कुक हेल्पर- १ जना
वेटर- ३ जना
योग्यता: साधारण लेखपढ
समय: बिहान १० बजेदेखि ७ बजेसम्म
सम्पर्क:
ड्रिम फुड क्याफे
पोखरा ट्रेडमल-३ तल्ला
9843214609
काम नजान्नेहरुको लागि तालिमको व्यवस्था

### आवश्यकता
१. कुक-०२ जना (Allrounder)
२. डिसवासर / हेल्पर-०२ जना
३. हाउसकिपिङ्ग - ०३ जना
४. Waiter - ०२ जना
५. क्लिनर - ०५ जना (फुल टाईम/पार्ट टाईम)
६. Accountant/Admin- ०१ जना (कम्तिमा १ वर्ष कार्य अनुभव)
७. Receptionist - १ जना
चौतारी बुटिक होटल
२५ नं Street, लेकसाईड
Email : chautariboutiquehotel@gmail.com
सम्पर्क : ९८५६०१९१००, ९८५६०२६२३३

## 'गण्डक आलोक' सार्वजनिक

पोखरा, २८ कात्तिक (समाधान) - प्रगतिशील लेखक संघ (प्रलेस) नेपालका अध्यक्ष प्राडा जीवेन्द्रदेव गिरीले प्रगतिशील लेखक संघ( प्रलेस)लाई व्यवस्थित रुपमा अघि बढाउन प्रगतिशील लेखकहरूलाई आग्रह गरेका छना् ।

प्रलेस, गण्डकी प्रदेशले शनिबार आयोजना गरेको मुखपत्र गण्डक आलोक सार्वजनिकीकरण तथा परिचर्चा कार्यक्रममा गिरीले आलोचनात्मक चेतका साथ कलम चलाउन अनुरोध गरेका हुन् । कार्यक्रममा पृथ्वीनारायण क्याम्पस, पोखराका पूर्व क्याम्पस प्रमुख गेहेन्द्रेश्वर कोइराला, समालोचक भाष्कर, प्रलेस पूर्व केन्द्रीय उपाध्यक्ष डा. कृष्णराज अधिकारी, प्राडा यदुनन्दन उपाध्याय, मुक्तिनाथ घिमिरे, सचिव यादवराज उपाध्याय, उपाध्यक्ष विजया सुवेदी लगायतले बोलेका थिए ।

### सच्याइएको

मिति २०७८/०७/०९ गते प्रकाशित दैनिकमा नेपाल माउण्टेन रिसोर्टको प्रारम्भिक वातावरणीय परीक्षणका लागि सार्वजनिक सुनुवाइ सम्बन्धी सूचनामा अन्नपूर्ण गाउँपालिका वडा नं. ११, घान्द्रुक हुनु पर्नेमा अन्यथा हुन गएकोले यसै सूचना मार्फत सच्याइएको व्यहोरा जानकारी गर्दछौं ।

### सच्याइएको

मिति २०७८/०७/०९ गते प्रकाशित दैनिकमा केयर एण्ड डाउनी रिसोर्टको संक्षिप्त वातावरणीय अध्ययनका लागि सार्वजनिक सुनुवाइ सम्बन्धी सूचनामा अन्नपूर्ण गाउँपालिका वडा नं. ८, बिरेठाँटी हुनु पर्नेमा अन्यथा हुन गएकोले यसै सूचना मार्फत सच्याइएको व्यहोरा जानकारी गर्दछौं।

# गरिब विद्यार्थीलाई न्यानो कपडा



**समाधान संवाददाता**
पोखरा, २७ कात्तिक

सिद्धार्थ बैंक लिमिटेडले जाडोको समयलाई लक्षित गरी गरिब, विपन्न तथा जेहेन्दार विद्यार्थीलाई न्यानो कपडा प्रदान गरेको छ । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत पोखराका ५० सामुदायिक विद्यालयमा अध्ययनरत करिब २ सय विद्यार्थीलाई स्वीटर प्रदान गरेको बैंकका पोखरा शाखा प्रबन्धक ज्योतिन्द्र पौडेलले जानकारी दिए ।

'बैंकले निश्चित प्रतिशत रकम सामाजिक क्षेत्रमा योगदान गर्छ,' उनले भने, 'बैंकले संस्थागत उत्तरदायित्व अन्तर्गतको कार्यक्रमलाई अझ विस्तार गर्ने छ ।' उनले आगामी दिनमा समेत सहयोगलाई निरन्तरता दिने उल्लेख गरे ।

असल छिमेकी सहयोग संघ (गोनेसा) नेपाल अध्यक्ष रामप्रसाद सुवेदीले जाडोको समयमा बैंकको सहयोगले विद्यार्थीलाई पठनपाठनमा सहयोग पुग्ने बताए । संस्थाले सामुदायिक विद्यालयमा अध्ययनरत करिब ५ सय १५ विद्यार्थीलाई विद्यालय पोशाक, झोला, जुत्ता मोजा, शैक्षिक सामग्री वितरण गरेको जानकारी दिँदै उनले अहिले बैंकसँगको सहकार्य विद्यार्थीलाई स्वीटर प्रदान गरिएको उल्लेख गरे ।

बैंकका मार्केटिङ अफिसर मिलन सापकोटाले बैंकको सहयोगले बालबालिकाको पढाइप्रति चासो बढेर शैक्षिक स्तर सुधारमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।


# हार्दिक समवेदना



जन्म मिति:
वि.सं. २००७/०८/१५

स्वर्गारोहण मिति:
वि.सं. २०७८/०७/१७

**स्व. डिल बहादुर श्रेष्ठ**

यस संस्थाका सदस्य **श्री सुनिल श्रेष्ठ**का पुजनीय पिता **डिलबहादुर श्रेष्ठज्यू**को असामयिक निधन भएकोमा यस सिद्धार्थ क्लबका सम्पूर्ण सदस्यहरु मर्माहित भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**तिर्थ श्रेष्ठ**
अध्यक्ष *एवम्*
**सिद्धार्थ क्लब परिवार**
पोखरा- ८, बगालेटोल, सिद्धार्थचोक



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ॥
इन्द्रै बिन्ती गरून् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो ॥

# हार्दिक श्रद्धाञ्जली



जन्म मिति:
वि.सं. २००७ मंसिर १५ गते

स्वर्गारोहण मिति:
वि.सं. २०७८ कात्तिक १७ गते

**स्व. डिल बहादुर श्रेष्ठ**

नेपाल मोवाइल वितरक संघ गण्डकी प्रदेशका जुझारु व्यक्तित्व तथा यस संस्थाका कोषाध्यक्ष श्री सुनील श्रेष्ठ ज्यू तथा भाइ सुजित श्रेष्ठ ज्यूका पुजनीय पिता **डिल बहादुर श्रेष्ठ**को असामयिक निधनले हामी अत्यन्तै मर्माहत भएका छौं । उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**मनोहर श्रेष्ठ**
अध्यक्ष तथा
**नेपाल मोवाइल वितरण संघ**
**गण्डकी प्रदेश परिवार**



# हार्दिक श्रद्धाञ्जली



जन्म मिति:
वि.सं. २००७/०८/१५ गते

स्वर्गारोहण मिति:
वि.सं. २०७८/०७/१७ गते

**स्व. डिल बहादुर श्रेष्ठ**

हाम्रा प्रातः स्मरणीय श्रीमान/भाइ/बुबा/हजुरबुबा/ससुरा बुबा (नयाँबजार, सभागृहपथ, पोखरा निवासी) **डिल बहादुर श्रेष्ठ**को असामयिक स्वर्गारोहण भएकोमा हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा ब्रह्मलीन अमर आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै, हामीप्रति सहयोग, सद्भाव, समवेदना, सहानुभूति एवं भेटी प्रदान गर्नुहुने सम्पूर्ण ईष्टमित्र, बन्धुवान्धव, कुलकुटुम्ब, आफन्तजन, छरछिमेकी, सामाजिक संघ सस्था एवं शुभेच्छुकहरुमा **हार्दिक कृतज्ञता**सहित आभार प्रकट गर्दछौं ।

**श्रीमती: शितल श्रेष्ठ**

दाजु :
**टेक बहादुर श्रेष्ठ**
भाउजु:
**शान्ति श्रेष्ठ**
दिदी/ भिनाजू:
**जमुना कायस्थ / बद्रीनाथ कायस्थ**

भाइ/बुहारी:
**सूर्य बहादुर श्रेष्ठ / धन कुमारी श्रेष्ठ**
**जगत बहादुर श्रेष्ठ / अनु श्रेष्ठ**
**गणेश बहादुर श्रेष्ठ / शान्ति श्रेष्ठ**

बहिनी / ज्वाइँ:
**चन्द्रमाया जोशी / नन्द कुमार जोशी**
**रत्न श्रेष्ठ / मनिका शाक्य**
**इन्द्र श्रेष्ठ / सुनिल श्रेष्ठ**
**रेखा श्रेष्ठ / भोजराज श्रेष्ठ**

छोरा / बुहारी:
**सुनिल श्रेष्ठ / अनिता श्रेष्ठ**
**सुजित श्रेष्ठ / भवानी श्रेष्ठ**
**राजेश श्रेष्ठ / रिमा श्रेष्ठ**
**शिखर श्रेष्ठ / अनुषा श्रेष्ठ**

छोरी /ज्वाइँ:
**समिता क्रेग श्रेष्ठ**
**सविता श्रेष्ठ / दिपेन्द्रमान श्रेष्ठ**
**एन्जिला श्रेष्ठ / इच्छाकुमार श्रेष्ठ**
**इन्दिरा वैद्य / ब्रजेश वैद्य**
**अनिता गोर्खाली / अजय गोर्खाली**
**सरोजनी भण्डारी / हिक्मत बहादुर भण्डारी**
**बबिता श्रेष्ठ / सुनिल श्रेष्ठ**
**रक्षा श्रेष्ठ / पवनलाल श्रेष्ठ**
**सुनिता खड्का / लोकेश खड्का**
**सिजन श्रेष्ठ / बसन्त श्रेष्ठ**

नाति, नातिनीहरु:
**जेसिका श्रेष्ठ, जयस श्रेष्ठ, जुलिया श्रेष्ठ**
**रिजस, कृष्टिना कायस्थ**
**रेचल कायस्थ**
**ओजन मान श्रेष्ठ, सुप्रिया श्रेष्ठ**
**शिविर श्रेष्ठ, ओमन मान श्रेष्ठ**
**शिशिर श्रेष्ठ, खुस्बु खड्का**
**वियन्का श्रेष्ठ, एरोन श्रेष्ठ, बोनस श्रेष्ठ,**
**आधार श्रेष्ठ, आध्विक श्रेष्ठ, अंश श्रेष्ठ**
पनाति, पनातिनी:
**कृष कायस्थ, केथ कायस्थ**

का.जि.द.नं.८२/०५९/०६०, हु.द.नं.०२/०६९/७० कास्की



# सराङकोटमा साहित्य उत्सव

**समाधान संवाददाता**
पोखरा, २८ कात्तिक

अन्तर्राष्ट्रिय साहित्य समाज केन्द्रीय समिति वासिङ्टन डिसीको आयोजनामा पोखरामा शनिबार पर्यटन साहित्य उत्सव भएको छ । सराङकोटमा आयोजित उत्सवका बीच कृति लोकार्पण, चर्चा परिचर्चा, रचनावाचन लगायतका गतिविधि भए ।

साहित्य र पर्यटन एक अर्काका पर्याय भएकाले अनेसासले यस्ता उत्सव विभिन्न समय र स्थानमा सञ्चालन गर्दै आएकोमा यस पटक पोखराको सराङकोटमा आयोजना गरिएको ट्रस्टिज सदस्य ऋषि बरालले बताए । उत्सवको पहिलो सत्रमा अनेसासका बोर्ड अफ ट्रस्टीज सदस्य साहित्यकार तीर्थराज अधिकारीका 'जूनका टुक्राहरू' अंग्रेजी-नेपाली मुक्तकसङ्ग्रह र अधिकारीकै साधनाको स्वर्ण वर्ष पुगेका सन्दर्भमा प्रकाशन भएको 'साधनाको स्वर्ण वर्ष : मुक्तकमणि तीर्थराज अधिकारी' २ कृति लोकार्पण गरिए ।

संस्कृतिकर्मी तीर्थ श्रेष्ठले दुवै कृति लोकार्पण गर्दै स्रष्टामा असल भावनाको विकास हुने हो भने प्राप्ति खोजको विषय नहुने धारणा राखे । स्रष्टाको सम्मान जिउँदैमा हुनुपर्छ भन्ने धारणामा जोड दिँदै श्रेष्ठले तीर्थराज अधिकारीको साधनाको वास्तविक सम्मान भएको बताए ।

अनेसासको पर्यटन साहित्य उत्सवका सन्दर्भमा श्रेष्ठले सरकारले बुझ्न नसकेको




वाङ्मयिक सामर्थ्यलाई यस्तै संघ, संस्थाका सत्प्रयासले मलजल गरेर जीवन्तता प्रदान गरेकोमा खुसी व्यक्त गरे ।

अनेसासका केन्द्रीय सल्लाहकार सुमल गुरुङले अनेसासका विविध सम्मान, पुरस्कार, सभा, सम्मेलन, उत्सव र महोत्सवका बारेमा प्रकाश पार्दै अनेसास भाषा, कला र साहित्यको उत्थानका लागि क्रियाशीलमात्र नरहेर पर्यटन र साहित्यलाई सिक्काका दुई पाटा बनाएर अगाडि बढ्दै आएको संस्थाका रुपमा चिनाए ।

'साधनाको स्वर्ण वर्ष : मुक्तकमणि तीर्थराज अधिकारी'को समीक्षा गर्दै डा. जगन्नाथ रेग्मीले

अधिकारीको जीवनयात्रालाई बुझ्न सन्दर्भ सहायक सामग्री हुने धारणा राखे । अधिकारीले लेखन सुरुआत् गरेको ५० वर्ष सन्दर्भमा प्रकाशन गरिएको केन्द्रीय समितिको प्रकाशन, असफल गौतम र कल्याण पन्तको सम्पादन रहेको ग्रन्थ उत्कृष्ट रहेको उल्लेख गरे ।

जूनका टुक्राहरूमाथि समीक्षा गर्दै डा. भूमिराज बस्ताकोटीले अंग्रेजी-नेपालीमा लेखिएको कृति व्यङ्ग्यचेत र आलङ्कारिक शैलीले उत्कृष्ट रहेको बताए ।

कृति भोजराज न्यौपानेको अनुवाद गरेका हुन् । डा. बस्ताकोटीले द्विभाषी कृति अनुवाद साहित्य वर्तमानको आवश्यकता रहे तापनि शब्दानुवादले मात्रै त्यसको मर्म आत्मसात गर्न नसक्ने विचार राखे ।

उत्सवको दोस्रो सत्रमा गण्डकी प्रज्ञा प्रतिष्ठानका परिषद् सदस्य कृष्णप्रसाद पौडेल, ठाडो भाका लोककला प्रतिष्ठानका संरक्षक बुद्धिमान गुरुङ 'धम्पु', गीताञ्जली साहित्य परिवारका अध्यक्ष रामनाथ अधिकारी संगी, पोखरेली युवा सांस्कृतिक परिवारका पूर्व अध्यक्ष दीपक समीप, गजल सन्ध्या पोखराका पूर्व अध्यक्ष रुपिन्द्र प्रभावी, मुक्तक मञ्च पोखराका अध्यक्ष रामजीप्रसाद आचार्य, हेमजा साहित्य प्रतिष्ठानका उपाध्यक्ष बलराम पौडेल, जरोटुप्पो संरक्षण साहित्य समाज नेपालका महासचिव मदन भण्डारी, डागर स्मृति प्रतिष्ठानकी संरक्षक रमा पराशर, अनेसास गण्डकी कोषाध्यक्ष गीता तिवारी, पाठ्यक्रममा मुक्तक अभियानका सचिव नवीन भण्डारी, पृथ्वीनारायण क्याम्पसका उपप्राध्यापक सुरज पौडेल, साहित्यकार सावित्री गिरी, सुवास पौडेल लगायतले आफ्ना धारणा र रचना प्रस्तुत गरेका थिए ।

उत्सवको तेस्रो सत्रमा सहभागी स्रष्टालाई सम्मान, कृतिकार, सम्पादक, व्यवस्थापकको मन्तव्य, चम्फा रानाभाट, सीता दुरा, बुद्धिमान दुरा थम्पुको सांस्कृतिक प्रस्तुति रहेको थियो । उक्त सत्रमा कृतिकार तीर्थराज अधिकारीको मन्तव्य वाचन गरेर सुनाइएको थियो । यस्तै साधनाको स्वर्ण वर्ष : मुक्तकमणि तीर्थराज अधिकारीका सम्पादक कल्याण पन्त, कार्यक्रम संयोजक असफल गौतमले बोलेका थिए ।

अनेसास गण्डकी अध्यक्ष दुर्गा शाह 'बाबा'को अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष दुर्गा न्यौपानेले समेत बोलेकी थिइन् ।

# विवेकशील साझाबाट १३ जनाको राजीनामा

**समाधान संवाददाता**
पोखरा, २८ कात्तिक



**महेश भण्डारी**
संयोजक गण्डकी प्रदेश
विवेकशील साँझा पार्टी

विवेकशील साझा पार्टीका सचिवालय सदस्यसमेत रहेका गण्डकी प्रदेश संयोजक महेश भण्डारीसहित गण्डकी प्रदेशका १३ जनाले पार्टीबाट राजीनामा दिएका छन् । पार्टीको विचार, शैली र एकताको मर्मका विषयमा असहमत हुँदै भण्डारीले राजीनामा दिएका हुन् ।

पछिल्लो समय पार्टी अध्यक्ष रवीन्द्र मिश्रले संघीयता खारेज, हिन्दू धर्म सापेक्ष राज्यका लागि जनमत संग्रहको पक्षमा पार्टी नीति बनाएका छन् र त्यसलाई पार्टीका दुई तिहाई केन्द्रीय सदस्यले पारितसमेत गरिसके । भण्डारीले पार्टीमा देखिएको दुई धारबीच एकताका लागि दबाब स्वरुप पहिल्यै राजीनामा दिएको बताए ।

विवेकशील र साझा एकीकरणपछि एकताको मर्म अनुसार सबैलाई समेटेर अघि बढ्न पार्टी नेतृत्व अनिच्छुक देखिएको हुँदा आफूसहित अरु साथी पनि पार्टीमा बस्न नसकेको भण्डारीले बताए ।

भण्डारीले गएको साउन १७ गते राजीनामा दिएका थिए । तर, सामूहिक राजीनामा बारे आइतबार प्रेस विज्ञप्ति उनीहरुले सार्वजनिक गरेका हुन् । केन्द्रीय सदस्य दीपक पौडेल, पार्टी तथा युवा संगठनका केन्द्रीय सदस्य प्रकाश आचार्य, गण्डकी प्रदेश सदस्य एवं अभियान विभाग प्रमुख अशोक खड्का, गण्डकीका प्रदेश सदस्य एवं कार्यालय व्यवस्थापन प्रमुख सुदीप ओझा, पदम न्यौपाने र तनहुँ जिल्ला संयोजक एवं गण्डकी प्रदेश सदस्य सागर घिमिरेले पनि राजीनामा बुझाएका छन् ।

विवेकशील साझाको स्याङ्जा जिल्ला संयोजक भीमनारायण कोइराला, बागलुङ जिल्ला संयोजक सुरज श्रेष्ठ, म्याग्दी जिल्ला संयोजक विश्वराज अछामे, युवा संगठनका केन्द्रीय सदस्य मनीषा मगर, व्यास नगर संयोजक तथा प्रदेश सदस्य सलमान अलि, युवा संगठनका केन्द्रीय सदस्य महेन्द्र आचार्यले पनि राजीनामा गरेका छन् ।



मुख्य गरी अध्यक्ष रवीन्द्र मिश्रको प्रस्तावमाथि उनीहरुले असहमति प्रकट गरेका छन् । 'पद्दति, पारदर्शिता, इमान्दारिता, उत्कृष्टता, समानुभूति र साहस जस्ता कुरालाई मूल आधार बनाएर देशको अवस्था परिवर्तनको यात्रामा हिँडेका हामीहरु नेतृत्वको गलत कुरालाई मान्न कदापि तयार हुँदैनौं,' प्रेस विज्ञप्तिमा भनिएको छ, 'वैकल्पिक राजनीतिलाई विवकेशील साझा पार्टीको वर्तमान नेतृत्वले मृत्युशय्यामा पुन्याएको हाम्रो ठहर छ ।'

# दाहालको नेतृत्वमा डिएलए कास्की

पोखरा, २८ कात्तिक (समाधान) - अधिवक्ता कपिलमणि दाहाल डेमोक्रेटिक लयर्स एसोसिएसन (डिएलए) कास्की अध्यक्ष निर्वाचित भएका छन् । शनिबार भएको अधिवेशनमा अध्यक्षका अर्का उम्मेदवार शालिकराम भट्टराईको भन्दा ४६ मत बढी ल्याएर दाहाल निर्वाचित भएका हुन् ।

डिएलए कास्कीमा २ सयभन्दा धैरै सदस्य छन् । निर्वाचनमा भने १ सय ७० मत खसेको थियो । दाहालले १ सय ७ मत ल्याएका थिए भने भट्टराईले ६१ मत ल्याए । पृथ्वीनारायण क्याम्पसमा प्राध्यापनसमेत गर्ने कास्कीको अन्नपूर्ण गाउँपालिकाका दाहालले २ दसकभन्दा लामो समयदेखि कानुनी व्यवसाय गर्दै आएका छन् । उनी समाधान दैनिक लगायत पत्रपत्रिकामा विश्लेषणसमेत लेख्छन् ।

अध्यक्ष निर्वाचित भएपछि दाहालले कानुन व्यवसायीको हकहितको पक्षमा कटिबद्ध हुने वचनबद्धता व्यक्त गरेका छन् । कार्यसमिति उपाध्यक्षमा कमलापति शर्मा पौडेलले शिवराज वाग्लेलाई पराजित गरे । पौडेलले ८६ मत ल्याउँदा वाग्लेको ८० आएको थियो ।

कृष्णकुमारी गुरुङ सचिवमा निर्वाचित भएकी छन् । अरु ३ जना प्रतिस्पर्धीलाई उनले पराजित गरेकी थिइन् । गुरुङले ६५ मत ल्याइन् । यज्ञराज अधिकारीले ४५, गीता आचार्यले ४३ र प्रकाश मिश्रले ८ मत पाएका थिए । सन्तोषमणि



अध्यक्ष दाहाल



उपाध्यक्ष पौडेल



सचिव गुरुङ



कोषाध्यक्ष लामिछाने

लामिछाने कोषाध्यक्षमा सर्वसम्मत बने ।

मीनाकुमारी रानाभाट, कृति पाण्डे, उत्तम केसी, एकनारायण गौतम, मातृकाराज घिमिरे, हरिप्रसाद अधिकारी, सूर्यप्रसाद तिमिल्सिना, विनोद पौडेल र प्रकाश शर्मा सर्वसम्मत सदस्य निर्वाचित भए । निर्मलकुमार कार्कीको संयोजकत्वमा गठित निर्वाचन समितिले निर्वाचन गराएको हो । निर्वाचन समितिमा कृष्णप्रसाद तिमिल्सिना र दिलमाया भुजेल सदस्य थिए ।

निर्वाचनअघि डिएलए केन्द्रीय अध्यक्ष योगेन्द्रबहादुर अधिकारीले अधिवेशन उद्घाटन गरेका थिए । उनले न्यायपालिकामा शुद्धीकरणको आवश्यकता औंल्याए । प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाले राजीनामा दिएर अहिलेको समस्याको समाधानका लागि बाटो खोलिदिनुपर्ने उनको भनाइ थियो ।

डिएलएका पूर्वअध्यक्ष गोपालकृष्ण घिमिरे, उपेन्द्रकेशरी न्यौपाने, भरत खरेल, पूर्वमहासचिव सुनील पोखरेल र नेपाल बारका महासचिव लीलामणि पौडेल लगायतले पनि न्यायापालिकाको साख जोगाउन प्रधानन्यायाधीश राणा बाधक बन्न नहुने विचार व्यक्त गरेका थिए ।

नेपाली कांग्रेस कास्कीका सभापति कृष्ण केसीले न्यायपालिकाका प्रमुखमा विवादमा आउँदा न्यायपालिकाको गरिमामा आँच आएको बताए । डिएलए कास्कीका अध्यक्ष विष्णुप्रसाद शर्मा मरसानी, वरिष्ठ अधिवक्ता रामचन्द्र त्रिपाठी, विश्व घिमिरे, फणीन्द्रराज अधिकारी, जगन्नाथ ढकाल, कृष्ण तिमिल्सिना, विष्णुकुशल भुजेल, कमलापति पौडेल, विष्णु खनाल र प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष रमेश पौडेल लगायतले पनि कार्यक्रममा मन्तव्य राखेका थिए ।

## हरिदेवीलाई क्षेत्रप्रताप स्मृति पुरस्कार



पोखरा, २८ कात्तिक (समाधान) - गीतल प्रतिष्ठान नेपाल तथा नाटक मञ्च तनहुँले स्थापना गरेको क्षेत्रप्रताप स्मृति साहित्य पुरस्कार २०७८ अग्रज गायिका हरिदेवी कोइरालालाई प्रदान गरिने भएको छ । मञ्चको शनिबार दमौलीमा भएको बैठकले यो निर्णय गरेको हो ।

कला, संस्कृतिको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएवापत उनलाई उक्त पुरस्कार अर्पण गर्न लागिएको मञ्चका अध्यक्ष आकाश अधिकारीले बताए । पुरस्कार राशि नगद २५ हजार छ । गीतल राष्ट्रिय पुरस्कार २०७७ बाट कवि प्रोल्लास सिन्धुलिया र २०७८ बाट गायक राज सिग्देललाई पुरस्कृत गर्ने निर्णय भएको छ । उक्त पुरस्कारको राशि ७ हजार छ ।

# स्वास्थ्यमा श्रम क्षेत्रका महिलालाई प्राथमिकता

**समाधान संवाददाता**
पोखरा, २८ कात्तिक

शान्तिदीप (पिसवीन) गण्डकी प्रदेश कार्यालय पोखराको महिला स्वास्थ्य परियोजनाको आइतबार सामाजिक लेखा परीक्षण गरिएको छ ।

कार्यक्रममा पोखरा महानगरपालिकाका प्रवक्ता तथा वडा नम्बर ५ का अध्यक्ष धनबहादुर नेपालीले सहरी क्षेत्रका सुकुम्बासी बस्ती, श्रम तथा निर्माण, ज्याला मजदुरी र कृषि क्षेत्रका काम गर्ने महिलाको स्वास्थ्यको सवाललाई प्राथमिकतामा राखेर कार्यक्रम गर्न सुझाव दिए । 'महिलाको प्रजनन स्वास्थ्यको क्षेत्रमा सुधार गर्न सके मातृ तथा बाल मृत्युदर कम गर्न सकिन्छ,' उनले भने, 'आधारभूत तहका महिलाको स्वास्थ्य र परिवार नियोजन सेवा विस्तारका लागि महानगरपालिका सामाजिक संघ, संस्थासँग सहकार्य गर्न तयार छ ।'

पोखरा महानगरपालिका वडा नम्बर ७ का जनप्रतिनिधि प्रभा पन्तले महिलाको स्वास्थ्यको सवाल जटिल भएको उल्लेख गरिन् । उनले सुकुम्बासी बस्ती श्रम क्षेत्रका महिलालाई स्वास्थ्यका कार्यक्रममा समेट्न सुझाव दिइन् । शान्तिदीप गण्डकी प्रदेशका परियोजना संयोजक पशुपतिकुमारी चौधरीले पिएसआइ नेपालको सहकार्यमा महिला र बालबालिकालाई केन्द्रीत गरेर महिला स्वास्थ्य र परिवार नियोजन सेवाका कार्यक्रम गरेको जानकारी दिइन् ।

कार्यक्रममा पत्रकार दीपेन्द्र श्रेष्ठ, परियोजना व्यवस्थापन समितिका सदस्य कृष्णबहादुर कुँवर, स्वास्थ्यकर्मी मिनु श्रेष्ठ र प्रमिला श्रेष्ठ, सेवाग्राही अनिसा थापामगर, माया बुढाथोकी, चन्द्रमाया कोइराला लगायतले बोलेका थिए ।

## नीलगिरी सहकारीको सभा

पोखरा, २८ मंसिर (समाधान) - नीलगिरी बचत तथा ऋण सहकारीको २२ औं वार्षिक साधारण सभा शनिबार भएको छ । कार्यक्रममा शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठले संस्थाले छोटो समयमा नै उल्लेख काम गरेकोमा बधाई दिए । उनले सहकारीका मान्यता अनुरुप काम गर्दै नमूना सहकारी बन्न आग्रह गरे ।

सभामा संस्थाका अध्यक्ष लेखनाथ बरालले वार्षिक प्रतिवेदन, लेखा समिति सदस्य राजेन्द्रप्रसाद भण्डारीले लेखा समितिको प्रतिवेदन र कोषाध्यक्ष पवित्रमणि पोखेलले कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरे ।

समारोहमा बढी कारोबार गर्ने सेयर सदस्यहरुपरिधि आचार्य, हुमबहादुर रानामगर, रुक्मिनी बराल, श्यामप्रसाद भुषाल र कृष्णप्रसाद पौडेललाई सम्मान गरियो । मेनुका गौतम पोखेल उत्कृष्ट कर्मचारीका रुपमा सम्मानित भइन् । सहकारीका सदस्यका छोरोछोरीमध्ये १० जोड २ तर्फ सर्वोत्कृष्ट छात्र विकल्प गौतम र छात्रातर्फ सन्ध्या बराल सम्मानित भए । बिभिन्न बिधामा विशिष्टता हासिल गर्ने नवीन पौडेल, शरद बराल, सागर बराल, सौगातराज बराल, सदीक्षा पौडेल, सुस्मिता पौडेल, अमित पोखेल, आयाम शर्मा र प्रज्ञा पोखेललाई सहकारीले सम्मान गरेको छ ।

सहकारीका अध्यक्ष लेखनाथ बरालको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष गंगाधर पौडेल, सचिव तीर्थराज आचार्य, निवर्तमान अध्यक्ष रवीन्द्रप्रसाद श्रेष्ठ, संस्थापक अध्यक्ष ज्ञानेन्द्रराज पौडेल, पूर्व अध्यक्ष कालिदास पौडेल, पोखरा १७ का वडाध्यक्ष तीर्थराज अधिकारी, नेफ्सकुन शाखा प्रमुख यामकला सुवेदी र सेयर सदस्यहरुको तर्फबाट मिना पोखेलले बोलेका थिए ।

# मगर चलचित्रकर्मी संघमा भीम



पोखरा, २८ कात्तिक (समाधान) - मगर चलचित्रकर्मी संघको तनहुँमा भएको तेस्रो अधिवेशनले सर्वसम्मत नयाँ समिति चुनेको छ । अध्यक्षमा भीम रानामगर, उपाध्यक्षमा संगीता थापामगर र विश्वास आले मगर निर्वाचित भए ।

महासचिवमा सुमन थापामगर, सचिवमा निर आलेमगर र कोषाध्यक्षमा तीलबहादुर थापामगर छन् । सदस्यमा सर्जन थापामगर तनहूँ, रौतहटबाट रोशन राना मगर, रुकुमबाट मैत्या घर्तिमगर, सुर्खेतबाट ललितबहादुर बुढामगर, काठमाडौंबाट देवबहादुर पुन मगर, कास्कीबाट सुमन थापामगर र काभ्रेबाट देबबहादुर यस्माली मगर चयन भएका छन् । भाषिक फिल्ममा काम गरिरहेका कलाकर्मीको संघले स्तरीय फिल्म निर्माणका लागि कलाकर्मी जोड्ने काम गर्दै आएको छ । अधिवेशनमा उत्कृष्ट मगर फिल्म निर्माणका लागि विविध विषयमा बहस समेत भएको समितिका पूर्व उपाध्यक्ष मेजन पुनले जानकारी दिए ।

निर्वाचन आयुक्त प्रतिमाया पुन नेतृत्वको टोलीले नयाँ समिति चुनेको थियो । कार्यक्रम मगर चलचित्रकर्मी संघको निवर्तमान अध्यक्ष अध्यक्ष युवराज मास्की मगरको अध्यक्षतामा भएको थियो ।


## कर्मचारी आवश्यकता

न्यूरोडमा रहेको एक प्रतिष्ठित सहकारी संस्थाको लागि निम्न कर्मचारीहरूको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिहरूले आफ्नो वायोडाटासहित मिति २०७८/०८/०५ गतेभित्र निवेदन पेश गर्नुहुन अनुरोध गर्दछौं ।

| क्र.सं. | पद | संख्या |
| --- | --- | --- |
| १ | बजार प्रतिनिधि | ३ जना |

सम्पर्क :
केफास कृषि सहकारी संस्था लि.
पोखरा–८, न्यूरोड
फोन नं. ०६१-५३१४७८, ५२६८३५, ९८०२८३७८०३

## ढाडमा नशा च्यापिएको उपचार

लक्ष्मणहरू:
- ढाड लामो समय देखि दुखिरहने।
- ढाडमा नशा च्यापिएको।
- ढाड खुट्टा दुख्ने, पोल्ने, झमझमाउने।
- हिड्न, बस्न, उठ्न गाह्रो हुने
- शरिर दुख्ने, जोर्नी दुख्ने, घुँडा खिइएको उपचार सेवा।



सम्पर्क:
आरोग्य होमियो फार्मेसी
पोखरा-१०, इन्द्रचोक, रंगशाला नजिक
फोन नं.: ०६१-४३०४०७, ९८६६४१५३८०





**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **प्रधान सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालयः** नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, **Email: Ad: samadhanpkr@gmail.com** | News: samadhandainik@gmail.com | www.samadhannews.com